## मोदी गाउँपालिका गाउँ कार्यपालिकाको बैठककी उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८२/०६/१२ गते

आज मिति २०८२ साल असोज १२ गते आईतवारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री वेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | 2082/06/12 | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | शान्ता | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी बि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार बिश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | डिलमाया नेपाली | |

अन्य उपस्थिति:

**मोदी गाउँपालिका गाउँ कार्यपालिका**

**बैठक मिति २०८२/०६/१२ गतेको निर्णय**

**निर्णय नं.१** कार्यपालिकाको मिति २०८२ भदौ २३ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो।

**निर्णय नं.२** मिति २०८२ भाद्र २३ र २४ गते भएको Gen-Z पुस्ताको प्रदर्शनका क्रममा मोदी गाउँकार्यपालिकाको कार्यालयमा भएको तोडफोडको सम्बन्धमा अनुसन्धान तथा कानुनी कारवाहीको लागि जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयलाई प्रमाणहरु उपलब्ध गराई आवश्यक सहयोग गर्ने र प्रदर्शनका क्रममा भएको क्षतिको विवरण (कुल क्षति रु. एकलाख अठ्सठ्ठी हजार तीन सय सत्ताईस र पैसा बयासी) सम्बन्धित निकायमा पठाउने निर्णय गरियो।

**निर्णय नं.३** मिति २०८२ भाद्र २३ र २४ गते मोदी गाउँपालिकामा भएको Gen-Z पुस्ताको प्रदर्शनका क्रममा बालबालिकाहरुको प्रयोग गरिएको सम्बन्धमा मोदी गाउँकार्यपालिकाको गम्भिर ध्यानाकर्षण भएको र बालबालिकाहरुलाई विद्यालय पोशाकमा प्रदर्शनमा सहभागी गराउने विद्यालयहरुलाई मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयवाट सोधिएको लिखित स्पष्टिकरण मनासिव नदेखिएमा प्रचलित कानुन बमोजिमको कारवाही प्रक्रिया अगाडी वढाउने तथा गाउँपालिकाले विद्यालयहरुलाई सार्वजनिक विदा समेत नदिएको अवस्थामा विद्यालयको अध्यापन छाडेर प्रदर्शनमा सहभागी भएका र शिक्षकको पेशागत आचरण सम्बन्धी प्रचलित ऐन कानुनको प्रतिकुल कार्य गर्ने शिक्षकहरुलाई लिखित स्पष्टिकरण सोध्ने निर्णय गरियो।

**निर्णय नं.४** मिति २०८२ भाद्र २३ र २४ गते भएको Gen-Z पुस्ताको देशव्यापी प्रदर्शनका क्रममा शहादत प्राप्त गरेका Gen-Z युवाहरु तथा राष्ट्रसेवक सुरक्षाकर्मीहरु प्रति हार्दिक श्रद्धान्जली, शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना एवं घाईतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** देशको विद्यमान विषम परिस्थितिमा संघिय तथा प्रदेश सरकारबाट वित्तिय हस्तान्तरणहरु कटौती हुनसक्ने संभावनालाई मध्यनजर गर्दै चालु आ.व. २०८२।०८३ को बजेट कार्यान्वयनको क्रममा बजेटमा समावेश भएका योजना तथा कार्यक्रमहरु कार्यालयको विषयगत शाखा उपशाखा तथा वडा कार्यालयहरुले प्राथमिकताक्रमको आधारमा कार्यान्वयनमा लैजाने र अनावश्यक आर्थिक तथा वित्तिय दायित्वहरु सृजना नगर्ने नगराउने निर्णय गरियो।

**निर्णय नं.६** श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ११३ मिति २०८२।०६।०८ को पत्रानुसार नेपाल सरकार अर्थ मन्त्रालयबाट मिति २०८२।०६।०७ मा भएको सार्वजनिक खर्चमा मितव्ययीयता कायम गर्ने र अनुत्पादक खर्च कटौटी गर्ने बारेको निर्देशनमा उल्लेखित स्थानिय तह सँग सम्बन्धित विषयहरुको प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

**निर्णय नं.७** मोदी गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसार स्थानिय कृषी, सेवा भेटेरेनरी समुह, पशु चिकित्सक (अधिकृतस्तर सातौं) पद रिक्त रहेको हुँदा संघिय सरकारवाट एक पालिका एक भेटेरेनरी डाक्टरको लागी हस्तान्तरित शसर्त कार्यक्रमको वजेट तथा स्थानिय तहमा कृषी स्नातक प्राविधिक परिचालन कार्यविधि २०८१को अधिनमा रहि खुल्ला प्रतिस्पर्धाको माध्यमवाट सेवा करारमा एकजना पशु चिकित्सक नियुक्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** कार्यालयबाट प्रदान गरिने सेवाहरुलाई सहज र सरलीकृत ढंगवाट प्रवाह गर्न र विकास प्रतिको नागरिक अपेक्षाहरुको सम्वोधन गर्न, कार्यालयको कामकाजलाई चुस्त, गुनासोरहित तथा नागरिकमैत्री बनाउन र सार्वजनिक सेवा प्रवाहमा नविनता तथा नवप्रवर्तनमा जोड दिंदै प्रशासनिक एवं आर्थिक सुशासन कायम गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै तोकिएको कार्यविवरण तथा जिम्मेवारी भित्रको कामकाज समयमा नगर्ने, कार्यालयको समग्र कामकाजलाई असर गर्ने गरी अनावश्यक ढिलासुस्ती गर्ने, प्रक्रियागत जटिलता सृजना गर्ने, कार्यालयको गोपनियता भंग गर्ने तथा प्रमुख प्रशासकीय अधिकृतलाई असहयोग गर्ने उद्देश्यले अनावश्यक व्यवधान सृजना गर्ने शाखा/उपशाखा प्रमुख वा मातहतका कर्मचारीहरुलाई तोकिएको जिम्मेवारीवाट हटाई प्रचलित कानुन बमोजिम कारवाहीको प्रक्रिया अगाडी बढाउने तथा नतिजामुलक प्रशासनको लागि उपर्युक्त कर्मचारीलाई उपर्युक्त जिम्मेवारी प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.९** मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा रहेका जिन्सी सामानहरु तथा सार्वजनिक सम्पतीहरुको प्रभावकारी व्यवस्थापन तथा सोको अभिलेखलाई चुस्त दुरुस्त र अद्यावधिक गर्न प्रचलित कानुनमा उल्लेख भए बमोजिम जिन्सी निरिक्षण गरी कैफियत देखिएको खण्डमा जिम्मेवार कर्मचारीलाई प्रचलित कानुनी व्यवस्था बमोजिम कारवाहीको दायरामा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.१०** मोदी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रमको वित्तिय तथा भौतिक प्रगति सम्वन्धी वार्षिक समिक्षा कार्यक्रम मिति २०८२असोज २८ गते आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं.११** मोदी गाउँपालिकाको केन्द्र पातीचौर वजार २ र ५ तथा डिमुवा बजारको फोहोरमैला व्यवस्थापनको लागि सम्वन्धित टोल विकास संस्था वा टोल सुधार समितिहरुसँग साझेदारी गर्नेगरी समझदारी पत्रमा हस्ताक्षर गरी सोही बमोजिम फोहोरमैला व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२** मोदी गाउँपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) मा तोकिएको दरबन्दी भन्दा बढी भएका स्थायी कर्मचारीहरुलाई पुल दरबन्दी कायम गरी योग्यता र ज्येष्ठता तथा कार्यालयको आवश्यकता अनुसारको कार्यसम्पादन दक्षताको आधारमा कर्मचारीहरुको व्यवस्थापन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेशमा लेखि पठाउने निर्णय गरियो।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं.१३** मोदी गाउँपालिका वडा नं ६ स्थायी ठेगाना भएका मन बहादुर लामिछानेको आर्थिक अवस्था कमजोर भएको हुँदा सम्वन्धित वडा कार्यालयको सिफारिसको आधारमा रु १००००।–(अक्षरेपी रु दश हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो

**निर्णय नं.१४** मोदी गाउँपालिका वडा नं ५ मा रहेको सरस्वती माध्यमिक विद्यालय परिसरमा रहेको रुख तथा झाडी फडान एवं जिर्ण भएका कक्षाकोठाहरुको मर्मत सम्भारको लागि विद्यालयको भौतिक संरचना मर्मत संभार फर्निचर तथा सौन्दर्यीकरण बजेट शिर्षक नं ३११५९ वाट रु ५००००।–(अक्षरेपी रु पचास हजार मात्र) खर्च सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५** डिमुवा प्रहरी चौकीको च.नं. १६ मिति २०८२।०६।०७ को पत्रानुसार प्राचिन समयदेखि वडादशैंको अवसरमा नेपाल प्रहरी संगठनले महानवमीको दिन मनाउँदै आएको मौलो तथा हतियार पुजाको सहयोगको लागी अनुरोध भई आएको हुँदा विविध कार्यक्रम खर्च शिर्षकवाट रु ८०००।–(अक्षरेपी रु आठ हजार मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६** आर्थिक वर्ष २०८१।०८२ को आन्तरिक लेखापरिक्षण प्रतिवेदनमाथी छलफल गरी प्रतिवेदनमा औंलाईएका सुझावहरु उपर आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्वन्धी प्रचलित कानुन बमोजिम आवश्यक सुधार (नियमितता,मितव्ययीता, प्रभावकारीता कायम गर्ने) गरी अन्तिम लेखापरिक्षणका लागी श्रेस्ताहरु तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

**निर्णय नं.१७** मोदी गाउँपालिकाको प्रशासनिक केन्द्र पातीचौर वजार तथा डिमुवा वजार क्षेत्रमा सुरक्षा संवेदनशिलता तथा मध्यपाहाडी लोकमार्गमा हुने विभिन्न दुर्घटना समेतलाई मध्यनजर गर्दै वजार क्षेत्रमा जडान भएका सिसी क्यामाराहरु एवं सडक वत्तीहरुको मर्मत सम्भार गर्ने तथा सुरक्षा निकाय सँगको समन्वयमा अत्यावश्यक स्थानमा नयाँ क्यामारा जडान गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner